(आ.व २०८१/०८२ कार्यपालिका छैटौं वैठक)

आज मिति २०८१ पुष ०३ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री साङवु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शर्पा

७. सदस्य : श्री दावा ंयम्वा तामाङ

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री वच्चु घतानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री दीपक दाहाल (प्र.प्र.अ)

आमन्त्रित/सहयोगी कर्मचारीहरु :

- श्री कृष्ण प्रसाद कंडेल
- श्री मंगेश कुवर
- श्री गंगासागर पौड्याल
- श्री राजाराम घोरासैनी
- सञ्जीव खनाल
- पुष्प प्र. पराजुली

अनिशा अधिकारी (लेखापाल)

**प्रस्तावहरु:**

१. योजना अनुगमन प्रतिवेदन सम्बन्धमा।

२. भोटेकोशी कबर्ड हलको बोलपत्र आब्हान सम्बन्धमा।

३. मार्मिङ स्कुल खानेपानी योजनाको बोलपत्र आब्हान सम्बन्धमा।

४. भुक्तानी सम्बन्धमा।

५. लिलामी सम्बन्धमा।

६. सहकारी खारेजी सूचना प्रकाशन सम्बन्धमा।

७. कार्यलयमा खानेपानी व्यवस्थापन गर्ने सम्बन्धमा।

**निर्णयहरु:**

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाबाट स्वीकृत भएका विभिन्न वडाहरुमा सन्चालित योजनाहरुको यस गाउँपालिकाको अनुगमन समितिबाट अनुगमन हुँदा देहायको विवरण पाइयो।

| क्र.स | योजनाको नाम | वडा न | रकम | अवस्था र सुझाव |
|---|---|---|---|---|
| १. | सिमलडाँडा माने सुधार | ४ | ३ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनुपर्ने |
| २. | लोम्बोटे सडक स्तरोन्ती | ५ | ७ लाख | आयोजना सम्पन्न भएको, सम्पन्न भए पश्चात स्वामित्व उपभोक्ता समितिले लिनुपर्ने |

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस भोटेकोशी गाउँपालिको आ.व. ८१/०८२ मा बागमती प्रदेश सरकारको समपूरक अनुदानमा भोटेकोशी कबर्ड हलको लागि रु २ करोड बजेट विनियोजन भएकोमा उक्त योजनाको डि.पि.आर स्वीकृत गरी, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ बमोजिम तयार भएको खरिद गुरुयोजना समेत सोही नियमको उपनियम ३ बमोजिम स्वीकृत गरी आगामी आ.व मा अनिवार्य बजेट विनयोजन गर्ने गरी १८ महिना भित्र सम्पन्न गर्ने गरी बहुवर्षिय योजना गर्ने गरि बोलपत्र आब्हान गर्ने निर्णय गरियो।

**तपसिल:**

| आधारभुत लागत (मु.अ.कर बाहेक) रु. | कन्टेन्जेन्सी | भ्याट (१३%) | कुल जम्मा (मु.अ.कर समेत) रु. |
|---|---|---|---|
| ८०७९०९१४.२ | ३२३१६३६.५७ | १०३७८०१८.८५ | ९४४००५६९.६१ |

Scanned with CamScanner

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस भोटेकोशी गाउँपालिकाको आ.व. ८१/०८२ मा बागमती प्रदेश सरकारको विशेष अनुदानमा मार्मिङ स्कुल खानेपानी योजनाको लागि रु ८० लाख बजेट विनियोजन भएकोमा उक्त योजनाको डि.पि.आर बागमती प्रदेश सरकार खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय, खानेपानी तथा सरसफाई डिभिजन नं. ३, सिन्धुपाल्चोक ले डि.पि.आर स्वीकृत गरी बजेट समेत विनियोजन गरी कार्य प्रारम्भ गरेको हुँदा सोही डि.पि.आर बमोजिम उक्त कार्यालयसँग योजना डुब्लिकेशन नहुने गरी सम्झौता गरी बोलपत्र आब्हान गर्ने निर्णय गरियो।

४) क)प्रस्ताव नं. ४ माथि छलफल गर्दा भोटकोशी आ.व. ८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका परामर्श तथा सामन खरिद का लागि सम्झौता गरिएकोमा आ.व ०८०/०८१ को अन्त्य सम्ममा Draft Report मात्र पेश भई हाल Final Report पेश भएको हुँदा तपशिल बमोजिमको अन्तिम प्रतिवेदन स्वीकृत गरी बाकी रकम भुक्तानी दिने निर्णय गरियो।

तपसिल

| क्र.स | योजनाको नाम | भुक्तानी पाउनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | भोटेकोशी गाउँपालिकाको पर्यटन गुरु योजना | बि.एण्ड.जे डेभलपर्स प्रा.लि | १,८६,१९० | |
| २. | भोटेकोशी गाउँपालिकाको सैक्षिक गुरु योजना | शिक्षा अभियान प्रा.लि | ८५,००० | |
| ३. | नेपाल चाईना बोर्डर गेटको प्राविधिक क्षमता परिक्षण | सिस्मो ईन्जिनियरिङ प्रा.लि | ८८,५९२ | |
| ४. | भोटेकोशी गाउँपालिकाको सडक गुरु योजना | स्कोलर ईन्जिनियरिङ प्रा.लि | १,९८,९९३ | |
| ५. | हिमालय थाङसिङ सामुदायिक भवनको डिपीआर | के.एस. इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १,०८,३५६ | |
| ६. | स्मार्ट बोर्ड खरिद तथा व्यवस्थापन | स्मार्ट टेक सोलुसन प्रा.लि | १,४६,०७० | |

ख) प्रस्ताव नं. ४ माथि छलफल गर्दा भोटेकोशी गाउँपालिकाले विविध कारणले तपशिल घरधनीहरुको घरबाट सर्न पर्ने भएकाले घर भाडा सम्झौतामा उल्लेख भए बमोजिम घर छोड्दा मर्मत तथा रङरोघन बापतको तपशिल लागत अनुमानमा तपशिल रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र.स | घरधनीको नाम | जम्मा लागत | पालिकाले भुक्तानी दिने रकम(७०%) | कैफियत |
|---|---|---|---|---|
| १. | रुक्मनी कार्की | १८,०००।०० | १२,६०० | |
| २. | तोरण बहादुर खडका | ४१,४००।०० | २८,९८० | |
| ३. | राजु लामा | २२,०००।०० | १५,४०० | |

Scanned with CamScanner

५) क) प्रस्ताव नं. ५ माथि छलफल गर्दा भोटकोशी गाउँपालिकाको तपसिल बमोजिमका संरचनाहरु भत्काएर नयाँ संरचना तयार गर्न बजेट समेत विनियोजन भएको हुँदा तपसिल संरचनाहरु हटाई लिलाम बढाबढमा विक्रि गर्ने र यसका लागि आर्थिक कार्यविधी तथा वित्तिय नियमावली, २०७७ को नियम १०७(ख) बमोजिम मूल्यांकन कायम गर्न तपशिल बमोजिमको मूल्यांकन समिति गठन गरी लिलाम प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

तपशिलः

१) श्री राजाराम घोरासैनी, इन्जिनियर सातौं — संयोजक

२) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत स्तरको प्राविधिक कर्मचारी — सदस्य

३) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि — सदस्य

तपसिल

| क्र.स | घरधनीको नाम | निर्माण गर्ने निकाय | निर्माण भएको बर्ष | कैफियत |
|---|---|---|---|---|
| १. | वडा न १ को कार्यालयको टहरा भवन | वडा कार्यालयको स्वामित्व | ६ वर्ष | |
| २. | वडा न ४ स्थित टहराको कबर्ड हल | सिनो हाइड्रो पावर कम्पनि | ६ वर्ष | |

६) यस भोटेकोशी गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका बिगत दुइ बर्षदेखी निष्क्रिय अवस्थामा रहेका सहकारी सहकारी संस्थाहरुलाई भोटेकोशी गाउँपालिकाको सहकारी ऐन,२०७५ परिच्छेद १५ दफा ६६ उपदफा (१),(२),(३),(४),(५),(६),(७) तथा दफा ६७ उपदफा (१),(२) बमोजिम सहकारी संस्था बिघटन तथा दर्ता खारेज गर्न सकिने भएको हुँदा सो सम्बन्धी सहकारी संस्था बिघटन तथा दर्ता खारेजी खारेज गर्नको लागि तपसिल बमोजिमको सहकारीहरुलाई ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स | सहकारी संस्थाको नाम | सहकारी संस्थाको ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | अमर उज्यालो साना किसान कृषि सहकारी संस्था लि. | (तातोपानी १) भोटेकोशी २ | |
| २ | त्रिशक्ति कृषि सहकारी संस्था लि. | (तातोपानी १) भोटेकोशी २ | |
| ३ | लगनशील महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. | (तातोपानी ३) भोटेकोशी २ | |
| ४ | कैलाश बचत तथा ऋण सहकारी संस्था लि. | तातोपानी ३ भोटेकोशी २ | |
| ५ | कोकरसिंग उपभोक्ता सहकारी संस्था लि. | मार्मिङ १ भोटेकोशी ५ | |
| ६ | त्याङ्थली कृषि सहकारी संस्था लि. | मार्मिङ १ भोटेकोशी ५ | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ७ | बन्जी सामुदायिक कृषि सहकरी संस्था लि. | मार्मिङ १ भोटेकोशी ५ | |
| ८ | भोटेकोशी महिला बहुउदेश्यीय सहकारी संस्था लि. | तातोपानी ४ भोटेकोशी २ | |
| ९ | निशाना उपभोक्ता सहकारी संस्था लि. | मार्मिङ ९ भोटेकोशी ५ | |
| १० | हिमालयन मितेरी बचत तथा ऋण संस्था सहकारी लि. | फुलपिङ्कट्टी १ भोटेकोशी ४ | |
| ११ | लार्चा फुमाचे कृषि सहकारी संस्था लि. | तातोपानी ४ भोटेकोशी २ | |
| १२ | मितेरी उपभोक्ता सहकारी संस्था लि. | तातोपानी ४ भोटेकोशी २ | |
| १३ | शयपत्री उपभोक्ता सहकारी संस्था लि | मार्मिङ ९ भोटेकोशी ५ | |
| १४ | शितल उपभोक्ता सहकारी संस्था लि. | लिस्ती ६ भोटेकोशी १ | |
| १५ | लिस्तिमाइ बचत तथा ऋण सहकारी संस्था लि. | तातोपानी ३ भोटेकोशी २ | |
| १६ | थानसिङ् कृषि सहकारी संस्था लि. | फुल्पिङ्कट्टी ७ भोटेकोशी ४ | |
| १७ | सिन्धु पर्यटन सहकारी संस्था लि. | तातोपानी ४ भोटेकोशी २ | |
| १८ | जागृति मात्रीशिशु बचत तथा ऋण सहकारी संस्था लि. | तातोपानी ५ भोटेकोशी २ | |
| १९ | गोर्खा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. | तातोपानी ३ भोटेकोशी २ | |

७) भोटेकोशी गाउँपालिकाको प्रशासनिक भवनको लागि खानेपानी व्यवस्थापन गर्न आवश्यक रहेकोले कन्टेजेन्सी शिर्षकबाट खर्च गर्ने गरि लागत अनुमान बमोजिमको रकम रु ४,७३,४६१.७२ विनियोजन गरि कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

Scanned with CamScanner